# आकाशवाणी समाचार- नेपाली

मितिः १४ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१.पश्चिम बंगालमा चलिरहेको मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) को दोस्रो चरणमा, राज्यका सबै 294 विधानसभा सीटहरूमा 10 निर्वाचन पञ्जीकरण अधिकारीहरू (ईआरओ) नियुक्त गरिने भएको छ।

२.भारतीय जनता पार्टी (भाजपा) को आईटी सेलका प्रमुख अमित मालवीयले पश्चिम बंगालको मतदाता सूचीमा ठूलो विसंगति रहेको खुलासा गर्नुभएको छ ।

३.एसआईआर अन्तर्गत दार्जीलिंग जिल्लाको ५ वटा विधानसभा क्षेत्रहरूमा फारम र डाटाको डिजिटलीकरण गर्ने काम लगभग पुरा गरिएको जानकारी प्राप्त भएको छ।

४.गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) अन्तर्गत गोरुबथानमा 26 करोड रुपियाँ लागतका पाँच परियोजनाको उद्घाटन र 25 नयाँ योजनाको शिलान्यास गरिएको छ |

५.नक्सलबाडीमा 12 दिवसिय 'सांसद खेल महोत्सव' शुरु भएको छ।

**बंगाल – एसआईआर**

पश्चिम बंगालमा चलिरहेको मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) को दोस्रो चरणमा, राज्यका सबै 294 विधानसभा सीटहरूमा दावी र आपत्तिहरूको सुनुवाइ गर्न प्रत्येक सीटमा 10 निर्वाचन पञ्जीकरण अधिकारीहरू (ईआरओ) नियुक्त गरिने छन्। मुख्य निर्वाचन अधिकारी कार्यालय स्रोत अनुसार यस प्रक्रियाका लागि कुल दुइ हजार नौ सय चालिस ईआरओहरुको आवश्यकता पर्नेछ। राज्यका मुख्य निर्वाचन अधिकारीले यस सम्बन्धमा निर्वाचन आयोगको मुख्यालय, नयाँ दिल्लीलाई सूचित गरिसकेका छन्। एसआईआर नोभेम्बर 4 मा सुरु भएको थियो। यस प्रक्रियाको पहिलो चरण 16 डिसेम्बरमा ड्राफ्ट मतदाता सूची प्रकाशनसँगै पूरा हुनेछ। यसपछि दोस्रो चरण सुरु हुनेछ, जसमा दावी र आपत्ति दर्ता गरिनेछ। दोस्रो चरणमा सूचना जारी गर्ने, सुनुवाइ, प्रमाणीकरण गर्ने र गणना फारमको निर्णय एकैसाथ गर्ने काम ईआरओले गर्नेछ।27 अक्टोबर 2025 सम्मको हालको सूची अनुसार राज्यमा कुल सात करोड़ 66 लाख 37 हजार 529 मतदाता पंजीकृत छन्। अन्तिम मतदाता सुची 14 फेब्रुअरी 2026 मा प्रकाशित हुनेछ।

**बंगालमा 1.6 करोड़ मतदाताको डेटा गड़बड़ी**

भारतीय जनता पार्टी (भाजपा) को आईटी सेलका प्रमुख अमित मालवीयले पश्चिम बंगालको मतदाता सूचीमा ठूलो विसंगति रहेको खुलासा गरेका छन्। चुनाव आयोगको तथ्यांक अनुसार बङ्गालका लगभग 1.6 करोड मतदाताले यस्ता तारिखहरु दिएका छन् जो तार्किक रूपमा असम्भवप्रतित हुदछ।
तथ्यांक अनुसार, बंगालमा लगभग 12 लाख मतदाता, जो कुल मतदाताको लगभग एक दसमलव पाँच तिशत हो, 15 वर्षको उमेरमा माता-पिता बनेका थिए। 8.7 लाख मतदाता 50 वर्षको उमेरमा माता-पिता बने, जबकि 3.2 लाख मतदाता 40 वर्षको उमेरमा बाजे बोजु बनेका थिए। चुनाव आयोगले यी सबै प्रविष्टिहरु माथि गंभीर विचार गरि रहेको छ अनि मतदाताहरूले या त आफ्नो दाबी प्रमाणित गरून् वा 16 डिसेम्बर पछि औपचारिक सुनुवाइमा उपस्थित होऊन् भन्ने चाहन्छ |

**एसआईआर**

एसआईआर अन्तर्गत दार्जीलिंग जिल्लाको ५ वटा विधानसभा क्षेत्रहरूमा फारम र डाटाको डिजिटलीकरण गर्ने काम लगभग पुरा गरिएको जानकारी प्राप्त भएको छ। स्रोतका अनुसार जिल्लाको पाँच विधानासभा मध्ये दार्जीलिंगमा विधानसभा लगभग ९०% खरसाङमा लगभग ९३% मतिगढा-नक्सलबारीमा लगभग ९०%,सिलगढीमा लगभग ८७% तथा फाँसीदेवा क्षेत्रमा लगभग ९३% कार्य पुरा गरिएको थाहा लागेको छ। यस्तै जिल्लाको विभिन्न विधानसभा क्षेत्रहरुमा केहि प्रतिशत मृत्यु एव स्तान्तरनको भएकोले के कति मानिसहरु SIR मा अयोग्य हुने त्यसबारेमा स्पष्ट नभएको थाहा लागेको छ।

## पश्चिम बंगाल स्कूल सेवा आयोग

कलकत्ता उच्च न्यायालयले पश्चिम बंगाल स्कूल सेवा आयोगलाई 2016 मा आयोगको परीक्षामा प्रतीक्षा सूचीमा रहेका उम्मेदवारहरूको इंटरव्यूका लागि बोलाउन निर्देश दिएको छ।यी उम्मेदवारहरू अब तोकिएको उमेर सीमा भन्दा बढी भइसकेका छन् र यस वर्ष आयोगको पुन: परीक्षामा उत्तीर्ण भएका छन्। न्यायमूर्ति अमृता सिन्हाले प्रतीक्षा सूचीमा रहेका कैयन उम्मेदवारहरूले दायर गरेको याचिका माथि यो फैसला सुनाउनु भएको हो।यी उम्मेदवारहरूलाई इंटरव्यूको लागि बोलाउने सम्बन्धमा अदालतमा याचिका दायर गरिएको थियो।

## शतद्रु दत्त( पक्राउ )

शनिबार भएको युवाभारतीको घटनापछि दिग्गज फूटबल खेलाडी मेसीलाई कोलकाता ल्याएका मुख्य आयोजक शतद्रु दत्तको घर अगाडि पुलिसले सुरक्षा बढाएको छ । घटनालगत्तै दत्तलाई कोलकाता विमानस्थलबाट पक्राउ गरिएको थियो । त्यसपछि कुनै पनि अप्रिय घटना नहोस् भनेर शतद्रुको घर अगाडि थप पुलिस परिचालन गरिएको थियो। पुलिस पिकेट पनि खडा गरिएको थियो। उता रिश्रामा घटनाको गर्मी नफैलियोस् भनेर पुलिस चौकीमा थप पुलिस बल पनि तैनाथ गरिएको थियो ।उल्लेखनीय छ खेल प्रेमीको लामो प्रतिक्षा अन्त्य गर्दै शनिबार लियोनल मेस्सी शहर आइपुगेका थिए । युवाभारतीमा मेस्सीलाई हेर्न विभिन्न क्षेत्रबाट दर्शक आएका थिए । कोही पुरुलियाबाट आएका थिए, कोही कान्थीबाट आएका थिए । मेसीका फ्यानहरु बेंगलुरु, सिलोङबाट पनि आएका थिए । नेपालबाट पनि फ्यानहरु आएका थिए ।
तर, उनको गुनासो यो थियो कि मेस्सी युवाभारतीमा प्रवेश गरेदेखि नै वरिपरि भीआईपीहरूको संख्याले मेस्सी २० मिनेटसम्म ग्यालरीबाट बाहिर देखिन सकेनन् । भारी मूल्यमा टिकट काटेर मैदानमा गएपछि पनि प्रिय स्टारलाई देख्न नपाउदा उनीहरुको धैर्य टूटेको थियो । दर्शकको आक्रोशमा युवाभारती रणभूमिमा परिणत बन्यो । रंगशाला तोडफोड भएको थियो । घटनापछि शतद्रु दत्तलाई कोलकाता विमानस्थल अगाडि नै हिरासतमा लिइएको थियो र पछि पुलिसले पक्राउ गरेको थियो |

## पाँच परियोजनाको उद्घाटन, 25 योजना शिलान्यास

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) अन्तर्गत 26 करोड रुपियाँ लागतका पाँच परियोजनाको उद्घाटन र 25 नयाँ योजनाको शिलान्यास गोरुबथानको सोमबारे बजारमा एक विशेष समारोहबीच हिज सम्पन्न गरियो । कार्यक्रमका प्रमुख अतिथि जीटीएका मुख्य कार्यपाल श्री अनित थापाको उपस्थितिमा उद्घाटन र शिलान्यास कार्यक्रम सम्पन्न गरियो। उक्त अवसरमा जीटीएका वरिष्ठ अधिकारी, कालेबुङ विधानसभा क्षेत्रका विधायक श्री रुदेन सादा लेप्चा, जिल्ला प्रशासनका अधिकारी, पञ्चायत समिति सदस्य तथा स्थानीय जनप्रतिनिधिहरूको विशेष उपस्थिति रहेको थियो। उद्घाटन गरिएको 5 वटा योजनामध्ये शेर्पा गाउँ प्राथमिक स्वास्थ्य केन्द्र, एउटा सामाजिक भवन, र दुईवटा सडक निर्माण परियोजना रहेको छ । यसको साथै 25 वटा नयाँ योजनाहरुको पनि शिलान्यास गरिएको छ, जसमा मलटि लेवल पार्किङ, नयाँ सामाजिक भवनहरू, र दुई-पम्प अग्निशमन केन्द्र प्रमुख परियोजनाका रूपमा रहेका छन्। जीटीएको मागअनुसार पश्चिम बंगाल सरकारले नोभेम्बर महिनामा उक्त नयाँ अग्निशमन केन्द्रका लागि प्रशासनिक स्वीकृति प्रदान गरेको थियो, जसको कुल लागत 4.85 करोड स्वीकृत गरिएको हो।

## 'सांसद खेल महोत्सव'

नक्सलबाडीमा 12 दिवसिय 'सांसद खेल महोत्सव' आयोजना भएको छ । दार्जीलिङ लोकसभा क्षेत्रका सांसद राजु बिष्टको पहलमा नक्सलबाड़ीबाट खेलकुद महोत्सव सुरु भएको हो। हिज नक्साबाडी आदिवासी मैदानमा खेलकुद महोत्सवको एक भागको रूपमा म्युजिकल चेयर, रेस र टग अफ वार जस्ता प्रतियोगिताहरू आयोजना गरिएको थियो। कार्यक्रममा दार्जीलिङका सांसद राजू

बिष्ट, एसएसबी सिलिगुडी फ्रन्टियरका आईजी बन्दन सक्सेना, भाजपा विधायक शंकर घोष, दुर्गा मुर्मू, आनन्दमय बर्मन र अन्य गणमान्य व्यक्तिहरू उपस्थित थिए।

सो अवसरमा सांसद राजु बिष्ट आफैंले पनि टग अफ वार प्रतियोगितामा भाग लिनु भएको थियो । यस वर्ष पहिलोपटक आयोजना गरिएको खेलकूद महोत्सवमा लगभग एक हजार सहभागीहरुले भाग लिरहेको जानकारी प्राप्त भएको छ । यस प्रतियोगिताको मुख्य उद्देश्य युवाहरुलाई लागु औषधमुक्त बनाउनु र खेलकुदको माध्यमबाट आफू र समाजलाई स्वस्थ राख्ने सन्देश दिनु रहेको संसद विष्टले बताउनु भयो।

**सोनादा मार्ग निर्माण**

सोनादादेखि पचेङ रंगमूक सिडर्स मुण्डा मुख्य मार्गको निर्माण कार्य आगामी 15 दिसम्बर सोमबारदेखि शुरू हुने भएको छ। उक्त रोड निर्माणको कार्य शुरु हुने भएको कारणले क्षेत्रको जनसाधारण लागायत गाड़ी चालक, मालिकवर्गमा पनि कुनै प्रकारको असुविधा नहोस् भन्नाले समय तालिका सबै सबैको सल्लाह अनुरूप राखिएको छ।

**Byte**

उक्त रोडको निर्माण कार्य शुरु गर्नलाई लोवर सोनादास्थित भूतपूर्व सैनिक वेलफेयर एसोसिएसनको कार्यालयमा सभा सम्पन्न भएको छ। उक्त सभामा यस क्षेत्रको विभिन्न चालक संगठनहरुका प्रतिनिधिहरु साथै विभिन्न समाजका प्रतिनिधिहरु उपस्थित रहेका थिए। सभामा क्षेत्रीय सभासद अनोश थापा लगायत अन्यहरु उपस्थित रहेका थिए। सभाको निर्णय अनुसार बिहान 9.30 बजीदेखि 12.30 सम्म बाटो पूर्णरूपमा बन्द रहने भएको छ। यसको साथै बिहान 9.30 भित्रको समयसम्म बाटो खुल्ला रहने भएको छ। दिउँसो 12.30 देखि 1.30 सम्म खाना खाने छुट्टी रहनेछ सो समय बाटो खुल्ला रहने भएको छ। यसको साथै दिउँसो 1.30 बजीदेखि 4.30 सम्म बाटो पूर्ण रूपमा बन्द रहने भएको छ। उक्त समय तालिकालाई सबैले पालन गर्नलाई अनुरोध गरिएको छ।

**दार्जिलिङमा 'अन्वेषणा', क्यान्सर जागरूकता सुरु**

उत्तर बंगाल र पहाडी क्षेत्रमा क्यान्सरका घटनाहरू तीव्र रूपमा बढ्दै गइरहेका छन्, र यसबारे सही जानकारी अभाव रहेको देखिन्छ। यही कारण, मणिपाल अस्पताल सिलिगुडी र रंगापानी अस्पतालले हिज दार्जिलिङमा 'अन्वेषणा – मेडिकल एजुकेशन फर मिडिया' नामक जागरूकता कार्यक्रम आयोजना गर्यो।

****** ० ******